राइनास नगरपालिका

# नगर कार्यपालिका कार्यालय

तिनपिप्ले, लमजुङ,४ नं. प्रदेश

**सवारी साधन (पिकअप) खरिद सम्बन्धी शिलबन्दी बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक सूचना प्रकाशित मिति २०७४/११/१४

यस नगरपालिका कार्यालयको लागि कार्यालय प्रयोजनका लागि पिकअप खरिद गर्नुपर्ने भएको हुदा नेपाल सरकार वाट सम्बन्धित कामका लागि इजाजत प्राप्त इच्छुक ब्यवसायीहरु, अधिकृत बिक्रेता वा संस्था, कम्पनीवाट देहाय बमोजिमको शर्तहरुको अधिनमा रहि रितपूर्वकको शिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र फाराम खरिद गर्न इच्छुक ब्यवसायीहरु वा कम्पनिले सम्बन्धित फर्मको लेटरप्याडमा अधिकार प्राप्त ब्यक्तीले दस्तखत गरेको लिखित निवेदन पत्रसाथ आ.व. २०७४/०७५ को लागि नविकरण भएको फर्म वा कम्पनिको प्रमाणपत्र, मु.अ.कर दर्ता प्रमाणपत्र साथै आ.व. २०७३/०७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, उत्पादक वाट प्राप्त आधिकारिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि साथ तल उल्लेखित नगद रकम (पछि फिर्ता नहुने) यस कार्यालयको लेखा शाखामा बुझाई यो सूचना प्रथम पटक प्रकाशित मितिले ३० दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको लेखा शाखावाट बोलपत्र फाराम खरीद गर्न सकिने छ ।

२. खरीद गरिएको बोलपत्रहरु यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३१ औं दिनको दिउसो १२.०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरि ठेक्का नं., बोलपत्रवालाको नाम, ठेगाना र फोन नं. समेत स्पष्ट खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहाछाप गरि यस कार्यालयको लेखा शाखामा दर्ता गराउन सकिने छ ।

३. बोलपत्र सम्बन्धि कागजात दाखिला गर्दा सूचना तथा बोलपत्र पुस्तिकामा उल्लेख भए बमोजिमका कुराहरु खुलेको प्रमाण बोलपत्र साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । उल्लेखित मूल्यांकनका आधारहरु पुरा नगर्ने बोलपत्र दाताहरुको बोलपत्र स्विकृत गरिने छैन ।

४. दर्ता भएका बोलपत्र सोहि दिनको २.०० बजे बोलपत्र दर्ता गर्ने फर्महरुको सम्वन्धित ब्यक्ति वा निजको अधिकार प्राप्त प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । बोलपत्र दर्ता वा खोलिने दिन सार्वजनिक विदा पर्न गएमा लगत्तै कार्यालय खुलेको दिनको सोहि अनुसारको समयमा दर्ता गर्ने र खोल्ने काम हुनेछ ।

५. बिल अफ क्वान्टीटीमा निर्दिष्ट भए अनुसार जम्मा कवुल रकम उल्लेख गरि सो रकममा मूल्य अभिबृद्धि कर समेत जोडि कूल जम्मा अंक र अक्षर दुबैका स्पष्ट लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेको मान्य हुनेछ ।

६. शिलबन्दी बोलपत्र साथ जमानत वापत आफुले बोलपत्रमा कवुल गरेको रकमको कम्तिमा २.५ प्रतिशतले हुन आउने रकममा नघटाई यस नगरपालिकाको नाममा सिभिल बैंक लि.,राइनास शाखामा रहेको धवरौटी खाता नं.०५६१०१२३४१४१५३ मा जम्मा गरेको नगदी बैंक भौचर वा नेपाल राष्ट्र बैंक बाट मान्यता प्राप्त वाणिज्य बैंक वाट यस कार्यालयको नाममा जारी भएको घटीमा बोलपत्र पेश गर्ने अन्तिम मिति वाट १२० दिन सम्म म्याद भएको जमानीपत्र (Bidbond)समावेश भएको हुनुपर्नेछ । अन्यथा बोलपत्र अयोग्य मानिने छ ।

७. बोलपत्र दर्ता गर्ने फर्महरुले बोलपत्र पुस्तिकामा संलग्न गरिएको स्पेसिफिकेसन तथा अन्य ब्यहोरा प्रष्ट रुपमा पढी मात्र सहि छाप गरी पेश गर्नु पर्नेछ । शिलबन्दी बोलपत्र दाताको ग्राहयता (Eligibility)प्रमाणित गर्ने कागजातहरु शिलबन्दी बोलपत्र साथ संलग्न हुनु पर्नेछ ।

८. रीत नपुगेको, म्याद नाघी प्राप्त भएको , केर मेट भई अंक अक्षर नबुझिने, बोलपत्र दाताको हस्ताक्षर नभएको वा सिलबन्दी नभएको बोलपत्र उपर कुनै कार्वाही गरिने छैन ।

९. बोलपत्र स्विकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्विकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

१०. अन्य कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ । अन्य जानकारीका लागि यस कार्यालयको फोन नं. ०६६–६९०६०० मा सम्पर्क गर्न सकिनेछ ।

| सि.नं. | ठेक्का नं. | सवारी साधन | संख्या | बोलपत्र फारम दस्तुर | बोलपत्र जमानत रकम रु. |
|---|---|---|---|---|---|
| १ | Rainas muncipality,Lamjung 02/074/75 | Four stroke four cylinder, water cooled ,turbocharged diesel Engine Pick up Vehicle. Details of vehicle shall be mention in bid documents. | १ | रु. ३,०००।– | कवुल रकमको २.५ प्रतिशतले हुने रकम |

प्रमुख प्रशासकीय अधिकृत